## सम्वत् २०८१ साल माघ ०९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" आन्तरिक मामिला तथा कानून मन्त्री माननीय रेवती रमण भण्डारीले प्रदेश सभामा पेश गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश भवन ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक" भौतिक पूर्वाधार विकास मन्त्री माननीय भुपेन्द्र राईले प्रदेश सभामा पेश गर्ने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश सरकारको भ्रष्टाचार विरुद्धको रणनीति तथा कार्ययोजना, (२०८१/८२-२०८५/८६) स्वीकृत गर्ने।

४. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः बढुवा समितिको मिति २०८१।०९।११ को निर्णय अनुसार सिफारिस भई आएका प्रकाश कुमार डाँगी, सुशिल कुमार अधिकारी, डा. इन्द्र प्रसाद सापकोटा, कृष्ण प्रसाद पोखरेल र ज्ञान बहादुर बस्नेतलाई प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४४ मा भएको व्यवस्था बमोजिम मिति २०८१।१०।०४ देखि कायम हुने गरी नियुक्ति र पदस्थापन गर्ने।

५. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः रकमान्तर स्वीकृत गर्ने।

६. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः बजेट निकासाको लागि स्वीकृति दिने।

७. आन्तरिक मामिला तथा कानून मन्त्रालयः बुढीगंगा ट्रक पार्किङ्ग स्थल निर्माण तथा सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

८. आन्तरिक मामिला तथा कानून मन्त्रालयः श्री जनयुद्ध स्मृति प्रतिष्ठान नेपाल, बेलबारी-२, मोरङको नाममा प्राप्त हुने साबिक मोरङ जिल्ला कसेनी ३(ख) कित्ता नं. ९४ र १६७ को कायम कित्ताहरू मध्ये १ विघा ३ कट्ठा १० धुर क्षेत्रफलको जग्गामा लाग्ने नियमानुसारको जग्गा रजिस्ट्रेसन शुल्कमा पचास प्रतिशत छुट दिने।

९. आन्तरिक मामिला तथा कानून मन्त्रालयः कोशी प्रदेश आर्थिक सहायता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८१ स्वीकृत गर्ने।

१०. आर्थिक मामिला तथा योजना मन्त्रालयः आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (प्रथम संशोधन) मापदण्ड, २०८१ स्वीकृत गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

११. खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालयः भूमिगत जल सिँचाइ आयोजना कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

१२. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः वृद्धिमुखी उद्यमशीलता र रोजगारी प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ स्वीकृति गर्ने।

१३. स्वास्थ्य मन्त्रालयः विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

## सम्वत् २०८१ साल माघ १४ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरू:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः National Law University, Jodhpur, भारतमा ITEC Training Course अन्तर्गत मिति २०८१।१०।२८ देखि २०८१।११।०९ सम्म संचालन हुने "Training Programme for Judicial Officers from Office of the Attorney, Nepal" कार्यक्रममा अवलोकनकर्ता/पर्यवेक्षकको रूपमा सहभागि हुन प्रदेश सरकारलाई थप भार नपर्ने गरी मुख्यन्यायाधिवक्ता श्री नारायण वस्तीको भारत भ्रमण स्वीकृत गर्ने।

२. स्वास्थ्य मन्त्रालयः मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "विद्यालय नर्सिङ्ग सेवा कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८१" स्वीकृत गर्ने।

३. आन्तरिक मामिला तथा कानून मन्त्रालयः प्रदेश तथा स्थानीय तह बीच समन्वय तथा विवाद समाधान सम्बन्धमा व्यवस्था गर्न विधेयक तर्जुमाको लागि सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

४. प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८१।०६।१३ गतेको बैठकबाट स्वीकृत भएको प्रदेश लगानी सम्मेलन, २०८१ को अवधारणा पत्रमा सो सम्मेलन २०८१ साल माघ ११, १२ र १३ गते विराटनगरमा हुने भनी उल्लेख भएकोमा विविध कारणले गर्दा प्रदेश मन्त्रिपरिषद्को मिति २०८१।०९।२४ गतेको निर्णयबाट उक्त सम्मेलन हुने मिति २०८२ बैशाख १८ र १९ गते गर्ने भनी सम्मेलनको मिति संशोधन गरिएको। उक्त समयमा मौसमका कारणले गर्दा खुल्ला स्थान र पर्याप्त भौतिक संरचना नभएको ठाउँमा गर्न कठिन हुने, सम्मेलनमा विशिष्ट व्यक्तिहरुलाई आमन्त्रित गरिने तथा वोलपत्र आह्वान गर्दा प्रतिस्पर्धालाई थप प्रोत्साहन गर्न उपयुक्त हुने देखिएकोले उक्त सम्मेलन गर्ने स्थान विराटनगरको सट्टामा वृहत् विराट विकास क्षेत्र सम्बन्धी ऐन, २०७६ ले समेटेको क्षेत्र भित्र गर्ने गरी काम अगाडी बढाउन निर्देशन दिने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*